Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/13**

**2 0 1 3**

**NEPALI**

**( Modern Indian Language )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** कोष्ठभित्रका सही शब्दहरू छानेर खाली ठाउँहरू भर : 1×10=10

(क) —— (ज्वर/ताप) पनि त चाहिंदो मात्रामा चाहिन्छ; चाहिंदो मात्रामा त —— (विष/जहर) औषधी हुन्छ।

(ख) भै गो यो —— (आँसु/अश्रु) नै होला तिम्रो सन्देशको —— (मसी/स्याही)।

(ग) —— (मुठी/मुष्टि) बाँधी यहाँ आयौ मुठी खोलेर —— (जानु/हिंड्नु) छ।

(घ) —— (पवित्र/शुद्ध) मूर्ख त शायद होलिन्, परन्तु —— (सफा/चोखी) छन् वर्षाजस्तै।

(ङ) मेरो पनि चार —— (मन्दिर/धाम) जाने संकल्प थियो, अब सट्टामा —— (चार/पाँच) नारायण घुम्छु।

(च) विन्ति —— (नचिन्हेर/नजानेर) भए पनि यस्तो —— (पाप/कुकर्म) गरें मैंले, के गरूँ अब।

(छ) स्वास्नीमानिसको —— (जाल/छल) लोग्नेमानिसको बल दुवै संगै रहे हुन्थे सबै मानिस —— (पिशाच/राक्षस)।

(ज) गुलाबलाई देखेर —— (राम्रो/सुन्दर) हे भाइ नछुनू
लोभले हेर्‍यो मोहनी गर्‍यो —— (जङ्गली/असभ्य) नहुनू।

(झ) जुन बोलीमा —— (व्याकरण/ग्रन्थ) लेखिएको हुँदैन, कोष संग्रह गरिएको हुँदैन अनि साहित्य —— (सृष्टि/सृजना) भएको हुँदैन त्यसलाई भाषा भनिंदैन।

(ञ) —— (कुट्न/पिट्न) थालेपछि आँखा नदेख्ने —— (कठै/विचरा) नभागेर के गरोस्।

**2.** उत्तरमा 'हो' वा 'होइन' लेख : ½×10=5

(क) 'मुकुन्द-इन्दिरा' नाटक वियोगान्त नाटक हो।

(ख) मुकुन्दले खलनायकको भूमिका पनि लिएको छ।

(ग) राजामती इन्दिराकी माइज्यू हुन्।

(घ) बालकृष्ण समलाई नेपाली साहित्यका नाट्य-सम्राट मानिन्छ।

(ङ) 'मुना-मदन' खण्डकाव्य झ्याउरे छन्दमा लेखिएको छ।

(च) राजा दशरथको रथ हाँक्ने व्यक्तिको नाउँ मातली हो।

(छ) अँग्रेजी पढेर चतुरे झन् बिग्रन्छ।

(ज) *A Grammar of the Nepali Language*-पुस्तकका लेखक ऐटन साहब हुन्।

(झ) आधुनिक शिक्षकले सबै कुरा अरुबाट लुकाउँछ।

(ञ) गौंथली साह्रै मुखाले थिई।

**3.** कोष्ठभित्रबाट सत्य उत्तर छानेर लेख : ½×10=5

(क) 'मुकुन्द-इन्दिरा' नाटकमा जम्मा (पाँच/सात/आठ) छन्।

(ख) मुकुन्दको कलकत्ते साथी रमेशदासको घर (हरिसन रोड / चित्तपुर रोड / हाउडा)-मा छ।

(ग) रूपनारायणले मुकुन्दलाई (बिगार्न / पढ्न / डुल्न) कलकत्ता पठाएका हुन्।

(घ) बालकृष्ण समको कथा हो—(लोग्ने/शत्रु/कैकेयी)।

(ङ) रूपनारायणले पढ्ने पत्रिका हो—(शारदा / भारती / चन्द्रिका)।

(च) 'मुना-मदन' खण्डकाव्यको मदनलाई (चीनबाट / भोटबाट / नेपालबाट) घर फर्कंदा बाटामा हैजा लाग्छ।

(छ) मनोविश्लेषणको प्रयोग गर्ने कथाकार हुन्—(शिवकुमार राई / एम० एम० गुरुङ / विश्वेश्वरप्रसाद कोइराला)।

(ज) पहाडी भाषालाई तीन भागमा बाँड्ने विद्वान हुन्—(बेन्स / ऐटन / टर्नबुल)।

(झ) "यस्तो छुसी जिन्दगी बिताउनुभन्दा खरानी घसेर हिंड्नु जाती"—यो वाक्य (चामेको / जुठेको / गौंथलीको) हो।

(ञ) साहिंलीलाई बिहा गरिहाल्नु पर्ने कारण थियो (आमाबाबुको करले / केटोसित साहिंलीको प्रेम भएकोले / पुरानो विचारको समाज भएकोले)।

## SECTION—II

( *Marks* : 30 )

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर *4–5* वाक्यमा लेख : 3×5=15

(क) मुना कसरी मर्छिन्?

(ख) कैकेयीलाई किन दुइ बर माग्नु पर्‍यो?

(ग) आधुनिक शिक्षकलाई समाजले किन फुर्सत लिनु दिंदैन?

(घ) कलकत्तामा पढाइ सिद्धिएपछि मुकुन्दले कस्तो मति लियो?

(ङ) जुठे दमाई कस्तो स्वभावको मानिस थियो?

**5.** (क) विपरीत शब्द लेख : ½×4=2

पाप ; अमृत ; मान ; सज्जन।

(ख) विशेषण बनाऊ : ½×4=2

शरीर ; पूजा ; मल ; इख।

(ग) उपसर्ग छुट्ट्याऊ : ½×4=2

प्रयोग ; उपकार ; निर्धन ; अनुदान।

(घ) सन्धि विच्छेद गर : ½×4=2

महेश्वर ; निष्काम ; नमस्कार ; अनेक।

(ङ) कर्ताकारक, अपादान कारक, करण कारक र भाववाच्य-का **एक-एकवटा** उदाहरण देऊ। ½×4=2

(च) 'हेर्छ' र 'पढ्नु' शब्दहरूमा भएका धातु र प्रत्यय छुट्ट्याएर देखाऊ। 1+1=2

(छ) तलका उखानका अर्थ लेख (कुनै **तीन**) : 1×3=3

आफू भलो त जगत् भलो ; खाने मुखलाई जुँगाले छेक्तैन ; एक थुकी सुकी हजार थुकी नदी ; अकबरी सुनलाई कसी लाउनु पर्दैन।

**अथवा**

लिङ्ग परिवर्तन गर : ½×6=3

वीर ; कवि ; लेखिका ; भाजु ; सुब्बा ; विदुषी।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** 'मुकुन्द-इन्दिरा' नाटककी नायिका इन्दिराको चरित्र चित्रण गर। 7

**अथवा**

'मुकुन्द-इन्दिरा' नाटकमा भवदेवको भूमिका किन मन पर्दो छ? बुझाएर लेख।

**7.** पारसमणि प्रधान अनुसार खसहरू कस्ता थिए? कसरी 'खस' बोलीले हाम्रो भाषाको समस्या हल गरेको पाइन्छ? 7

**अथवा**

रुद्रराज पाण्डेको निबन्ध 'गुन्द्रुकको पुकार'-मा गुन्द्रुकले गरेको गुनासो बारे वर्णन गर।

**8.** 'मुना-मदन' खण्डकाव्यको मदन किन भोट जान्छ? उसको भोट जाने काम कहाँसम्म सफल हुन्छ? 6

**अथवा**

"'लोग्ने' कथामा चतुरेद्वारा अन्धविश्वास र सामाजिक रूढिवाद-को विरोध गरिएको छ"—कसरी? बुझाएर लेख।

**अथवा**

कृष्णरायले धेरै शत्रुहरू बनाउनु परेका कारणहरू के के हुन्? स्पष्ट बुझाऊ।

**9.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) के सधैं डुब्नु वेश हो? मोतीजस्तै डुब्ने भए मोती लिने पनि मोती मात्र भयो खालि।

(ख) तिमीलाई त कोही गुण्डा होला भन्नेछन्, मचाहिं ठगाहा चोर जोगीमा गिन्ती हुन्छु।

(ग) चन्द्रमालाई खसाल तिमी हिमाल उचाल
यो मेरो मन डगाऊँ भनी नरच यो जाल।

**10.** यस अनुच्छेदको शीर्षक दिंदै सारांश लेख : 10

नियम र कानून-को पालन नै अनुशासन हो। यो हामीले राम्ररी बुझ्नु पर्छ। कानून तोड्नु अपराध हो, सबैले कानून तोडे वा कानून नमाने समाज र देशमा भाँडभैलो मच्चिन्छ। कानूनद्वारा चोर-डाकूहरू र सबै प्रकारका बद्मासहरूलाई ठेगान लाउने बन्दोबस्त छ। असामाजिक तत्त्वहरूलाई ठीक पार्ने पनि देशमा कानून बनिसकेको छ। यस्ता लिखित कानूनहरूबाहेक अन्य प्रकारका नियमहरू पनि समाजभित्र पालन गर्दै आएका छन्—जस्तै-छोराले बाबुको कुरा मान्नु पर्छ अथवा स्वास्नीले लोग्नेको कुरा सुन्नु पर्छ भन्ने नियम कहीं लेखिएको छैन। तर बाबुलाई टेरपुच्छर नलाउने छोरा काम लाग्दैन, लोग्नेको कुरा नसुनी बराली हिंडने स्वास्नीले पनि घर-परिवारमा सुख-शान्ति दिंदैन। यसैकारण मानव समाजको हरेक क्षेत्रमा अनुशासन पाइन्छ। अनुशासन भङ्ग हुँदा समाज अलपत्र हुन्छ, घर-परिवार बर्बाद हुन्छ र देशभरि अशान्ति फैलन्छ। भनाइ छ—''अनुशासन जसले मान्छ उसैले शासन गर्न सक्छ।''

**11.** कुनै **एक** विषयमा निबन्ध लेख : 10

(क) भूकम्प र यसको भयङ्करता

(ख) समाचार-पत्र

(ग) तिमीले गरेको कुनै रोचक यात्रा

(घ) पानीको आवश्यकता

**12.** गुवाहाटी बस्ने तिम्रो साथीलाई गर्मीको विदामा शिलाङ घुम्न आउने अनुरोध गर्दै एउटा पत्र लेख। 5

★★★